*Unity Journal*
Vol.6, 348-358, Feb 2025
https://doi.org/10.3126/unityj.v6i1.75701
Prithvi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

ISSN - 2717-4751

***Article history***
*Received: 14 Nov 2024*
*Accepted: 23 Jan 2025*

# राष्ट्रिय सुरक्षामा समुदायको भूमिका

**गौतम रानाभाट***

***लेखसार***

*नेपालको इतिहासमा राष्ट्रिय सुरक्षाका सन्दर्भमा समुदायको भूमिका प्राचीनकालदेखि महत्त्वपूर्ण रहेको पाइन्छ । जुन समय चलनचल्तीमा रहेका धर्मशास्त्रका स्तुति, श्लोक, ऋचालगायतका मूल्य-मान्यता र आस्थालाई कानुन मानेर जनमुखी व्यवस्था कायम भएको देखिन्छ । राज्य जनतालाई सुखी र सम्पन्न बनाउने इरादाले शासन, न्याय एवम् अधिकार दिने परम्परानुसार अगाडि बढेकाले राष्ट्रिय सुरक्षालाई खल्बल्याउन सक्ने आन्तरिक तथा बाह्य आक्रमण रोक्न हिजो र आजको समुदायले पुऱ्याएको योगदानको खोजी गर्नु आलेखको प्रमुख उद्देश्य हो । अनुसन्धानको पूर्णताका लागि विषयवस्तुको प्राथमिक स्रोत समुदायलाई मानेर राष्ट्रिय सुरक्षाबारेका लेखन, अध्ययन-अनुसन्धान, विश्लेषणलाई द्वितीय स्रोत सामग्रीका रूपमा लिएर पुस्तकालयमा उपलब्ध अध्ययन सामग्रीलाई सामग्री सङ्कलनको स्रोत मानिएको छ । विद्वान्का चिन्तन एवम् दृष्टिकोणलाई सैद्धान्तिक आधार बनाई गुणात्मक विधिको प्रयोग गरिएको आलेख सूक्ष्म पठन तथा विश्लेषणात्मक ढाँचामा अनुबन्धित छ । राष्ट्रिय सुरक्षामा समुदायको भूमिकाबारे प्राज्ञिक अनुसन्धान प्रयाप्त नभएकाले त्यसको पुष्टि हुँदा सरोकारवालालाई पृष्ठपोषणका साथै मार्गदर्शन हुने देखिएबाट आलेखको औचित्यसहितको महत्त्व स्पष्ट हुन्छ । समुदाय क्रान्ति र शान्ति चेतनासहित मार्गदर्शक बनेर विविध आयाममा राष्ट्र तथा राष्ट्रियताको पहिचान जाज्वल्यमान बनाउन लागिरहेको अनुसन्धानबाट देखिएका तथ्य हुन् । अन्धकारबाट उज्यालोतर्फ, दमनबाट स्वतन्त्रतातर्फ डोऱ्याउन सक्ने समुदायको शक्ति अजेय हुने भएकाले समुदायले हिजो निभाएका तथा भोलि पुऱ्याउन सक्ने सामर्थ्य एवम् सीमाको अन्तश्चक्षु नै अनुसन्धानको निष्कर्ष रहेको छ ।*

***शब्दकुञ्जीः*** *अजेय, अन्तश्चक्षु, ऋचा, जाज्वल्यमान, प्राज्ञिक, अनुबन्धित, प्रत्याभूति, अवधारणा, अवयव, आयाम*

## परिचय

सुरक्षा यस्तो विषय हो, जसको बृहत् आयामकै कारण व्यक्तिगत धारणाका आधारमा परिभाषित गरिँदा अधुरो र अपूरो हुन्छ । सुरक्षा शब्दका विषयमा पहिलो परिभाषा दिने वाल्टर लिपम्यानले भनेका छन्, “सुरक्षा त्यो राष्ट्रमा हुन्छ, जसले युद्धलाई इन्कार गर्दा आफ्नो वैधानिक स्वार्थलाई गुमाउनु पर्दैन त्यसलाई जोगाउन ऊ समर्थ रहन्छ, चुनौती सामु पनि लडाइँबाट उसैले त्यसलाई कायम राख्ने क्षमता राख्दछ” (वाग्ले, सन् २००९, पृ.६८) । सुरक्षा शब्दले परिभाषा निर्माण गर्दै बढ्ने क्रममा सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापनापश्चात् राष्ट्रिय सुरक्षाको

* Journalist
Email ID : agranabhat@gmail.com

अवधारणा अगाडि बढेको र सन् १९४७ मा अमेरिकामा राष्ट्रिय सुरक्षा परिषद् ऐन जारी भएपछि संसारभर यसको विस्तार भएको पाइन्छ । सुरक्षा शब्दको विकास हुँदै जाँदा सन् १९७० को दशकमा राष्ट्रिय सुरक्षाको मानवकेन्द्रित अवधारणा विकास भएको अध्ययनमा भेटिन्छ । उक्त मानवकेन्द्रित अवधारणाले मानवसुरक्षा, आर्थिक-सामाजिक तथा पर्यावरणीय सुरक्षा, प्रविधिमा सचेतता, प्राकृतिक स्रोत-साधनको उपलब्धता, दिगो विकास र गुणस्तरीय जीवनको सुनिश्चिततालाई जोड दिएको पाइन्छ । जहाँ मानवसुरक्षा व्यक्तिको भौतिक र मनोवैज्ञानिक पक्षको सुरक्षासँग अन्तर सम्बन्धित देखिन्छ ।

हरेक राष्ट्रले आफ्नो मौलिकता र प्राथमिकताका आधारमा राष्ट्रिय हितको पहिचान गरेका हुन्छन् । जसको संबर्धन र प्रवर्धन नै राष्ट्रिय सुरक्षा हो । नेपालको सुरक्षा स्थिति कमजोर नभए पनि पूर्ण सुरक्षित भन्न सकिने अवस्था छैन किनकि हरेक देशका आफ्नै समस्या हुन्छन्, ती समस्यासँग कोही लुक्न सक्दैनन् । समस्यालाई न्यून गराउँदै सुरक्षाको प्रत्याभूति दिलाउँदै जाने क्रममा सन् १९७० पछि मात्र राष्ट्रले सामुदायिक र राष्ट्रिय सुरक्षाका अतिरिक्त राजनीतिक, सामाजिक, धार्मिक, आर्थिक र पर्यावरणीय अवस्थासँग मानवीय जीवनलाई गाँसेर सुरक्षाको अनुभूति दिलाउने कार्यमा जोड दिएको पाइन्छ ।

राष्ट्रिय सुरक्षा बहुआयामिक विषय मात्र नभएर दिगो शान्तिको आधारशिला पनि हो । नेपालको संविधान (२०७२) ले मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता, पारस्पारिक सद्भाव, मानवअधिकारको प्रत्याभूति र भयमुक्त जीवनको सुनिश्चिततासहित राष्ट्रिय एकतालाई अक्षुण्ण राख्दै सबै नागरिकलाई आत्मसम्मानपूर्ण ढंगले बाँच्ने अवसरको सिर्जनालाई राष्ट्रिय सुरक्षा भनेको छ । जसभित्र आधारभूत मानवअधिकार, समानता र स्वतन्त्रताको संरक्षण, विधिको शासन, जनताको जीवन र सम्पत्तिको सुरक्षा, जनआकाङ्क्षानुरूपको सेवा प्रवाह, आन्तरिक सुरक्षा व्यवस्थापन, सुदृढीकरण तथा अन्तरराष्ट्रिय निकायबाट राज्यलाई सुरक्षित राख्ने अस्त्रसमेत समेटिएका छन् । त्यसैले राष्ट्रिय सुरक्षा व्यक्तिगत सोच, विचार र चिन्तन जस्तो एकाङ्गी विषय होइन । त्यसमा राष्ट्रको इतिहास, मौलिक परम्परा, संस्कार-संस्कृति, विकासका साथै सबैभन्दा बढी राष्ट्रिय हित, शक्ति र स्थायित्व जोडिएको पाइन्छ ।

## पूर्व साहित्यको समीक्षा

भण्डारी (२०२७) ले *नेपालको आलोचनात्मक इतिहास* कृतिमा प्रकृति, संस्कृति, सभ्यता, सामाजिक जीवन, व्यवसायलगायत नेपालको इतिहास अध्ययन गर्ने साधनको चर्चा गरेका छन् । कृतिले भूगोल र इतिहासको सम्बन्ध, ऐतिहासिक काल विभाजन, देशीय-अन्तरराष्ट्रिय सम्बन्ध, सामाजिक, धार्मिक, आर्थिक, शिक्षा, साहित्य, विज्ञान, कलालाई केन्द्रबिन्दु बनाए पनि राष्ट्रिय सुरक्षा र समुदायको चर्चा पाइँदैन ।

शर्मा (२०५८) ले *हाम्रो समाज : एक अध्ययन* ग्रन्थमा नेपाल अधिराज्यको मेचीदेखि महाकालीसम्मको भूभागमा १० हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाणयुगको क्रममा रहेको र ईसापूर्व सातहजारदेखि पाँचहजार वर्षतिर आएर कृषि कर्म अपनाउन थालेको, आफ्ना प्रस्तरका हतियारमा सुधार ल्याएको चर्चा कृतिमा भएतापनि राष्ट्रिय सुरक्षा सन्दर्भमा समुदायको भूमिकाबारे केही उल्लेख छैन ।

खप्तडबाबा (२०६०) ले *म र मेरो कर्तव्य* पुस्तकमा मानवता र समयको माग भन्दै मौलिक परम्परा, सामाजिक, वैयक्तिक र शास्त्रीय मर्यादालाई तोड्ने प्रयास गर्दा त्यसबाट लाभ भन्दा हानी हुने विषयमा चर्चा गरेतापनि राष्ट्रिय सुरक्षाका विषयमा हरेक व्यक्तिको कर्तव्यबारे केही लेखिएको छैन ।

डाहल (२०६२) ले *प्रजातन्त्रका बारेमा* पुस्तकमा प्रजातन्त्रको विकासपछि सांस्कृतिक र जातिगत रूपले विभाजित मुलुकहरूमा राजनीतिक समायोजनको अवस्थाबारे चर्चा गरेका छन् । यी सन्दर्भ राष्ट्रिय सुरक्षा कायम गराउने समुदायका आन्तरिक अवयवसँग प्रत्यक्ष जोडिएकाले कृतिको समीक्षा गरिएको हो ।

गुरुङ (२०६७) ले *गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदा* ग्रन्थमा नेपाल शब्दको व्युत्पत्तिदेखि गण्डकीप्रस्रवणक्षेत्रको भूमि, जनता, धार्मिकस्थल, सामाजिक संस्था, लोकगाथा, कला, स्तूप, चैत्य, प्रमुख किल्लालगायतको वर्णन गरिएको छ । कृतिमा नेपाली जनताले बोल्ने भाषा, संस्कार, संस्कृति, जनजीवनका सन्दर्भ मात्र उल्लेख भएको पाइन्छ ।

शर्मा (२०७०) ले *नेपालमा राजनीतिक संस्कृति र सुशासनको प्रश्न* पुस्तकमा नेपालमा पछिल्लो समय राजनीतिक संस्कृतिले पारेको प्रभाव, बौद्धिक नागरिक समाजलाई गरेको सङ्केत, सुशासनमा देखिएका समस्याका विषय उल्लेख भए पनि राष्ट्रिय सुरक्षा सन्दर्भको कुनै चर्चा पाइँदैन ।

चापागाईं (२०७०) द्वारा सम्पादित *नयाँ नेपालमा संघीयता : साझा आधारको खोजी* पुस्तकमा जातीय पहिचानको राजनीतिका कारण देखिएका सन्दर्भ, संघीयताले निम्त्याएको आत्मनिर्णयको अधिकार, स्वतन्त्र न्यायिक नियन्त्रण, महिलाअधिकारका आयाम र व्यवहारिक पक्षको चर्चा भएको कृतिमा समुदायले खेलेका केही सान्दर्भिक भूमिकालाई मात्र समेटेको पाइन्छ ।

यसरी राष्ट्रियताका सन्दर्भमा सामान्य चर्चा भएपनि राष्ट्रियतालाई मजबुद बनाउन समुदायको भूमिकाको गहन र प्राज्ञिक अध्ययन पाइँदैन । प्रस्तुत अनुसन्धानमा यी कृति उपयोगी देखिएकाले समीक्षा गरिएको हो ।

## समस्या कथन

राष्ट्रिय सुरक्षाका सन्दर्भमा हिजोदेखि आजसम्म समुदायले कस्तो भूमिका खेल्यो ? वर्तमानमा संवैधानिक व्यवस्था के कस्ता रहेका छन् ? राष्ट्रिय सुरक्षालाई मजबुद बनाउने वर्तमानका आवश्यकता के-के हुन सक्छन् ? यही सत्यतथ्यलाई आम जनसमुदाय समक्ष ल्याएर राष्ट्रियताप्रति समुदायलाई सचेत गराउनु अनुसन्धानको समस्या कथन रहेको छ ।

## उद्देश्य

राष्ट्रिय सुरक्षा मजबुद बनाउन समुदायले पुऱ्याएको योगदानमा अध्ययन केन्द्रित छ । राज्य सदासर्वदा जनतालाई सुखी र सम्पन्न बनाउने इरादाले अगाडि बढिरहने भएकाले राष्ट्रिय सुरक्षा मजबुद बनाउन समुदाय भित्रका आन्तरिक अवयव जाति, समुदाय, भाषा, संस्कृति र बाह्य अवयव अपराध, आतङ्क, सीमा, शक्ति र परिवारलगायतका क्षेत्रले पुऱ्याएको योगदान खोजीका साथै संवैधानिक व्यवस्थाको अध्ययन गरी वर्तमान आवश्यकताको रेखाङ्कन गर्नु अध्ययनको मूल उद्देश्य रहेको छ ।

## अनुसन्धान विधि र प्रक्रिया

अनुसन्धानलाई पूर्णता दिन विषयवस्तुको प्राथमिक स्रोत समुदायलाई मानेर राष्ट्रिय सुरक्षाबारे लेखिएका सामग्रीलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ। पुस्तकालयमा उपलब्ध दस्तावेज तथा सामग्रीको अन्तरमन्थन गरी अनुसन्धान निष्कर्षमा पुगेको छ । विभिन्न अध्येताका चिन्तन एवम् दृष्टिकोणलाई सैद्धान्तिक आधार मानेर प्राज्ञिक विमर्शको अवलोकन र पठन गरी गुणात्मक विधिको प्रयोग गरिएको आलेख विश्लेषणात्मक ढाँचामा अनुबन्धित छ । अनुसन्धानमा लेखकीय मौलिकतालाई व्याख्यान विधिद्वारा अगाडि बढाई समुदायले खेलेका र खेल्न सक्ने भूमिकाको सापेक्षतामा समीक्षात्मक विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## विश्लेषण र नतिजा

कुनै समूह, क्षेत्र, राज्य वा राष्ट्रमा सुरक्षा कायम गराउनमा समुदायको महत्त्वपूर्ण भूमिका रहन्छ । किनकि, समुदाय कानुनी शासनको पालनासहित प्राकृतिक र मानवीय सम्भाव्यताको पहिचान गर्दै आन्तरिक सुरक्षा सुदृढीकरणका

माध्यमबाट राज्यलाई सुरक्षित राख्ने संयन्त्र हो । त्यसैले समुदायले राष्ट्रिय प्राथमिकताका बहुआयामिक बहुविषयलाई मिहिन तरिकाले सम्बोधन गरेको हुन्छ ।

राष्ट्रिय सुरक्षाका सन्दर्भमा सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, भौतिक पक्ष मात्र समेटिएका हुँदैनन् । परराष्ट्र, प्रतिरक्षा मामिलालगायतका बृहत् अन्तरवस्तु समुदायमै एकीकृत हुन्छन् । जसमा जनताको जीवन रक्षा गर्दै जनअपेक्षानुरूपका सेवा प्रवाह गरी आधारभूत अधिकारको प्रत्याभूति दिलाउने विविध आयाम अन्तरनिहित हुन्छन् । त्यसैले कुनै पनि राज्य तथा राष्ट्रमा राष्ट्रिय सुरक्षा कायम गराउने सन्दर्भमा समुदायको चर्चा सबैभन्दा पहिला भएको पाइन्छ ।

मानव सभ्यताको थालनीसँगै राष्ट्रिय सुरक्षा क्षेत्रको तीव्रतर विकास हुँदै जाँदा व्यक्तिसँगै समाज, राज्य र प्राकृतिक स्रोत साधनको संरक्षण अत्यावश्यक देखिन थालेको पाइन्छ । राष्ट्रिय सुरक्षा मानव जीवनका विविध पक्षसँग जोडिने बहुआयामिक विषय भएकाले त्यसको उद्देश्य राज्य र जनताको संरक्षण गर्नुमै रहन्छ । त्यसैले समुदायका भूमिकाको चर्चा यस प्रकार गर्न सकिन्छ :

(क) आन्तरिक भूमिका

(ख) बाह्य भूमिका ।

**आन्तरिक भूमिका**

बाह्य रूपमा देखिने एउटा पूर्ण रुख बन्न जरा, काण्ड, पात, फूल, फललगायतका तत्त्वको जस्तो भूमिका हुन्छ समुदाय भित्रका जाति, भाषा, धर्म, संस्कार-संस्कृति, राजनीति प्रस्तुत विषयको अध्ययनमा जोडिन आउँछन् । जसका माध्यमबाट अवाञ्छित गतिविधि, सम्प्रदायिक विवाद, सङ्गठित एवम् सामाजिक अपराध नियन्त्रण गरी कानुनी व्यवस्थासहितका सुरक्षा नीतिको परिचालन र सुव्यवस्था कायम हुनपुग्छ । राष्ट्रिय सुरक्षा हातहतियारसहितको सशस्त्र लडाइँ मात्र होइन । त्यसमा राष्ट्रको स्वाभिमान र स्वाधीनताको सबाल पनि जोडिएको हुन्छ । राष्ट्रलाई समृद्धिको मार्गमा डोऱ्याउने सपना बुनिएको हुन्छ । विकास निर्माणका साथै सुशासन र सुव्यवस्थाको अपेक्षा गरिएको हुन्छ, त्यसैले राष्ट्रिय सुरक्षा देखाउने हतियार नभएर कुशल रणनीतिक चिन्तनले भरिपूर्ण भकारी हो ।

राष्ट्रिय सुरक्षा सन्दर्भमा आन्तरिक चुनौतीबाट बच्न पनि सुरक्षा अपरिहार्य रहन्छ । आन्तरिक सुरक्षा खलबलिएको समाज छ भने त्यहाँ हामी आफ्नो घरको गेटमा ठूलो चाबी लगाएर बजार गएका छौँ भनेर ढुक्क हुनु व्यर्थ हुन्छ । समुदाय असल र समाज सभ्य छैन भने घरको भौतिक सम्पत्तिको सुरक्षा एउटा चाबीले गर्न सक्दैन । चाबीले श्रीसम्पत्ति जोगाएको छु भन्नु व्यक्तिको भ्रम मात्र हुन्छ । समुदाय असल भएन भने त्यो चाबी फोरिएको दृश्य वेवास्ता हुनसक्छ । चाबी फोरिएको दृश्य रमिता मात्र नभएर सञ्जालमा मसलाको रिल बन्न सक्छ । फलानाका घरबाट बहुमूल्य सामान बाहिरिएछन् भनेर पानी पधँराहरू कुरौटेका कुरा काट्ने कुना बन्न सक्छन् । आजको समाज शहर र गाउँमा दुइटा कुरामा फरक छन् । शहरमा घरहरू नजिक, मन टाढा हुन्छ । गाउँमा घर टाढा, मन नजिक हुन्छन् । महाकवि देवकोटाले भने जस्तै जोडिएका घरमा बसेका हामी बीचको चेतनास्तर कस्तो छ भन्ने कुरा छिमेकीको आँगनमा लाश निकाल्दै गर्दा घरभित्र मासु-भात हसुर्दै गर्ने समुदायले नदेखाएको होइन । वर्तमानले केही मान्छेलाई त्यति कठोर र निर्दयी बनाउनु हातका औँला बराबर नभए जस्तै हुनसक्छ । तापनि हामीले बिर्सेका छैनौँ, गाउँले जनजीवनको वियोगान्त कृति मुनामदन आजसम्म नेपाली साहित्यमा सर्वाधिक बिक्री हुने सूचीमा छ । त्यसैले सबैभन्दा पहिला तपाईं हाम्रो रक्षा हाम्रै समुदायले गरेको छ । यो चेतनाको विकास आम नेपालीमा हुँदैन र समुदायले निभाएको आन्तरिक भूमिकालाई अन्देखा गरिन्छ भने राष्ट्रिय सुरक्षामा समुदायको भूमिका खोलाको सुसाइमा सुसेली गाएर रमाउँदाको आत्मरति बाहेक केही हुन सक्दैन ।

राष्ट्रिय सुरक्षाका सबालमा भौतिक मात्र होइन, सामाजिक-आर्थिक सन्दर्भ पनि महत्त्वपूर्ण हुन्छ । समुदायको सामुदायिक सुरक्षा, राजनीतिक एवम् मनोवैज्ञानिक सुरक्षा, वातावरणीय तथा पर्यावरणीय सुरक्षा, स्वास्थ्य एवम् खाद्य सुरक्षा, वैयक्तिक र भौतिक सुरक्षा, मौलिक हकको संरक्षण, राष्ट्रिय सम्पदाको सुरक्षालगायतका आयाम नङ र मासु जसरी जोडिएका छन् । समुदायसँग अन्तरनिहित राष्ट्रिय सुरक्षा व्यवस्थामा इँटा थपिरहेका जाति, भाषा, संस्कृति र राजनीतिलगायतका अवयवको अध्ययन यसप्रकार गर्न सकिन्छ :

***जाति :*** "प्राचीन निप जातिबाट नामाङ्कित हाम्रो देश नेपाल भू-बनोटको विविधताले हिमाल, पहाड र तराईको सङ्गम भएजस्तै समाज र संस्कृति पनि विविधतापूर्ण छ । हाम्रो देशका कुनै पनि बासिन्दा आफ्नो एकल जातीय अस्तित्व र व्यक्तित्वमा अडिएको पाइँदैन" (गुरुङ, २०६७, पृ.ग) । जोसेफ स्टालीनको भनाइ हेर्ने हो भने "जाति ऐतिहासिक रूपले बनेको जनताको सुदृढ समुदाय हो, जसको उद्‌भवको आधार साझा भाषा, भू-भाग, आर्थिक जीवन र संस्कृति हुन्छ" (रेग्मी, २०६६, पृ.२) । विश्व मानचित्रमा सानो देश भएर पनि नेपालमा प्राकृतिक स्वरूप र हावापानीमा विविधता भए जस्तै ठूलो मात्रामा जातीय तथा जैविक विविधता छ । परापूर्वकालदेखि विभिन्न जातिका भाषा, धर्म, संस्कार, संस्कृति, वेशभूषा, चालचलन, रीतिरिवाज, रहनसहनले विविधता निम्त्याएका छन् । त्यसैले विश्वलाई आकर्षित गर्ने माध्यम नेपालको मानवीय सम्पदा र सभ्यता हो । आर्यमूलका जातिहरू हिन्दू वर्णव्यवस्थाका आधारमा विभाजित भएतापनि उनीहरू मन, भावना र चेतनामा एक भएर राष्ट्रिय सुरक्षार्थ जगको ढुङ्गा बनेर रहेको पाइन्छ ।

***भाषा :*** भाषा जबर्जस्ती विस्तार हुने विषय होइन् किनकि भाषा जनप्रिय भएन भने राज्य सञ्चालकले जति प्रयास गरे पनि विस्तारित हुन सक्दैन । नेपाल विभिन्न जातको फूलबारी भएकाले जातीय विविधतासँगै भाषिक विविधता देखिनु स्वाभाविक हुन्छ । त्यसैले भाषाले राष्ट्रियताको सुरक्षामा अक्षुण्ण भूमिका खेलेको पाइन्छ । हिजोको दिनमा एउटै भाषा एउटै भेषलाई आदर्श मानेर अगाडि बढेको नेपाललाई आजको चश्माले हिजो हेरेर टिकाटिप्पणी गर्ने होइन । आठ कक्षा पास हुन नपाएका र परिबन्दले नसकेका बाबुआमाका छोराछोरीले विद्यावारिधि गर्नु छोराछोरीले आमाबाबुलाई जित्नु नभएर समयले समयलाई जित्नु हो । त्यसैले हिजोको यथार्थलाई हिजोकै चिन्तन र विचारले आत्मसात् गर्नुपर्छ । आज नेपालमा जन्मने एउटा नागरिक बहुभाषिक बनेका उदाहरण खोज्न पर्दैन, आफैँ भेटिन्छन् । हाम्रा विविध भाषाले हाम्रो राष्ट्रियतालाई त्यसैगरी बलियो बनाउँदै अगाडि बढाएका छन् ।

***सभ्यता र संस्कृति :*** समाजमा बराबर प्रयुक्त हुने शब्द हुन्, सभ्यता र संस्कृति । बेग्लाबेग्लै अर्थ बोकेका यी शब्दमा सभ्यताले मानवको भौतिक उन्नति र संस्कृतिले आध्यात्मिक उन्नतिलाई बुझाउँछ (शर्मा, २०५८, पृ.३८०) । "कुनै पनि देशको भाषा, वेशभूषा, रहनसहन, खानपिन र चरित्रबाट त्यस देशको संस्कृतिको ज्ञान हुन्छ । मानिसको हृदयमा जुन संस्कारको छाप हुन्छ ती संस्कार नै उसको संस्कृति हो" (खप्तडबाबा, २०६०, पृ.५६) । संस्कृति इतिहास, परम्परा, पुराना आस्था र व्यवहारसँग मात्र सम्बन्धित हुँदैन । त्यसभित्र आदर्श र मूल्यमान्यता पनि अटाउने भएकाले संस्कृति समाजको विशिष्ट पहिचान हो । संस्कृति प्रकृति र जीवनको पुनर्सिर्जनासँग जोडिएको हुन्छ । जो व्यक्तिको सीमा भन्दा बाहिर र सामर्थ्य भन्दा माथि हुन्छ । यो व्यक्तिको व्यवहारबाट नभएर समुदायको प्रभुत्वले बसालेको सामूहिक परम्पराबाट निर्धारित हुन्छ । त्यसैले राष्ट्रिय सुरक्षा कायम गराउन धर्म, संस्कार र संस्कृतिको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ ।

***राजनीति :*** 'अरस्तुले मानिसलाई राजनीतिक प्राणी मानेका छन् । राजनीतिले मानव जीवनको सुखको परिकल्पना गर्दछ । राज्यमा बसोबास गर्ने हरेकको जीवनलाई सुखद् बनाउन दिनरात काम गर्नु राजनीतिको मुख्य ध्येय हुनुपर्छ' (घिमिरे, २०७९, पृ.१३३) । राजनीतिक दुरूपयोगले राष्ट्रिय सुरक्षामा धाजा फाटेका सन्दर्भ प्रष्टै देखिन्छन् । किनकि, राजनीतिक पहुँच, पावर र पैसाका आधारमा राष्ट्रिय सुरक्षासँग गहिरो सम्बन्ध राख्ने स्रोत संसाधनको दोहनले ठूला विपत्ति निम्त्याएका छन् । बढ्दो नदी कटान, हिमताल विस्फोटन, भू-क्षयीकरण, जल प्रदूषणले निम्तिएका

प्राकृतिक विपत्तिका घाउ डर लाग्दा छन् । साँच्चै राज्य यतिबेला इतिहासकै सर्वाधिक दुर्भाग्यको सामनामा छ । जनता प्रताडित छन् । आजको लोकतान्त्रिक सरकार जनताको जीवनमा आइपरेका समस्या र सङ्कट समाधानमा दत्तचित्त रहने प्रयासमा रहेपनि जनताको सुरक्षित भविष्यको सुदूर भारी ग्रामीण जनताकै काँधमा देखिन्छ । जसको दृष्टान्त यसै वर्ष झ्याप्ले खोलासहित विविध ठाउँका विपत्तिमा ठूलो जनधनको क्षति र सङ्कटका बीच नेपालीको दशैँ पर्व दशा बन्न पुगेको सन्दर्भ जनताले बिर्सेका छैनन् । राज्य अनुगमन, समिति गठन, समवेदनामा लाग्दै गर्दा चहऱ्याएको घाउमा मलमपट्टीका रूपमा तीनै समुदाय एक मन र एक ज्यान भएर लागिरहेका थिए । किनभने उनीहरूले राष्ट्रियताभन्दा माथि राजनीति हुन सक्दैन भन्ने राम्ररी बुझेका छन् । नदी जसरी निश्चल बगेको समुदायको राजनीतिक रुझानमा बजारु स्वार्थ घुसिसकेको छैन । धीरता, सहिष्णुता, जितेन्द्रियता, पवित्रता र सच्चरित्रता समुदायलाई समृद्ध तुल्याउने मानव धर्म हुन् भनेर समुदायले राम्ररी बुझेको छ । त्यसैले हार्दिकता र सद्भावसहितका सहयोगी हात बढाएर राष्ट्रियताको जग डग्मगाउन नदिएको पाइन्छ ।

राष्ट्रिय सुरक्षामा आन्तरिक अवयवको भूमिका गहन किन छ भने, असल विचार र चेतना कम भएका व्यक्तिको संलग्नतामा निर्माण हुने समुदायमा हिंसा मौलाउँदा अराजकता र अपराधजन्य गतिविधि बढ्न जान्छन् । जब एउटा व्यक्ति सभ्य, शिक्षित, मर्यादित र आदर्शवान् बन्छ तब त्यो आदर्श परिवार समाजमा नमूना बन्न पुग्छ । उक्त परिवारमा कुकर्म निस्तेज हुँदा त्यो परिवार मात्र नभएर समुदायको सुरक्षामा अभिवृद्धि हुन्छ । समाजमा निष्पक्षता कायम हुँदै नेतृत्वमा उत्तरदायित्वको भावना बढ्दै जान्छ र सभ्य समाज निर्माणमा इँटा थपिरहन्छ । त्यसैले राष्ट्रिय सुरक्षाको पहिलो आधार समुदाय हो ।

यसरी समुदायलाई प्रभाव पार्ने अवयवले खेल्ने भूमिकाको गौरवपूर्ण इतिहास हामीसँगै रहेकाले हाम्रा पुर्खाको सुनौला अक्षरले लेखिएको योगदानको स्मरण गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो ।

**बाह्य भूमिका**

राष्ट्रिय सुरक्षा सन्दर्भमा समुदायको बाह्य भूमिका आन्तरिक भन्दा ज्यादा हुन्छ । जसमा आतङ्क, अपराध, सीमा, शक्ति, परिवारलगायतका अवयव जोडिएका हुन्छन् । सीमामा हुने अतिक्रमण, गैरकानुनी रूपमा विभिन्न सामग्रीको ओसारपसार, बिक्री वितरण, चोरी, तस्करी, मानव बेचविखन, घुसपैठ, अवाञ्छित क्रियाकलाप जस्ता विवाद अन्त्यमा द्विपक्षीय, बहुपक्षीय वार्ता, संवाद, सन्धि-सम्झौता कार्यान्वयनमा पहिला अगाडि सर्ने समुदाय नै हो । यसका अतिरिक्त अराजक, अपराधजन्य, हिंसात्मक गतिविधि नियन्त्रणमा विभिन्न सहकार्य, समन्वय, साझा सैनिक अभ्यास, इन्टरपोल जस्ता संस्थाको जीवन्तता र सक्रियतामासमेत समुदाय अदृश्य रूपमा जोडिन आइपुग्छ ।

प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्व शर्त हो । मुलुकमा हुने राजनीतिक परिवर्तनसँगै शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु राज्यको दायित्व हो । शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता र जनतामा परिवर्तनको अनुभूति दिलाउन सुरक्षा व्यवस्था प्रभावकारी हुनुपर्ने भएकाले सबैले आ-आफ्नो जिम्मेवारीबोध गरी इमान्दारीपूर्वक कर्तव्य पालना गर्नुपर्दछ । किनकि, भू-राजनीतिक संवेदनशीलता र भू-रणनीतिक सन्तुलनका दृष्टिले नेपालमा राष्ट्रिय सुरक्षाको विषय सधैँ संवेदनशील देखिन्छ । नेपाल १५ डिसेम्वर १९५५ मा संयुक्त राष्ट्र संघको सदस्य भयो र १ अगस्ट १९५५ मा उत्तर छिमेकी चीनसँग मैत्रीपूर्ण कूटनीतिक सम्बन्ध स्थापित गऱ्यो । पाकिस्तान, अमेरिका, इजरायललगायतका देशसँग कूटनीतिक सम्बन्ध स्थापित गर्दै अगाडि बढ्यो । विश्व शक्ति राष्ट्रका रूपमा उदाइरहेका चीन र भारत बीचमा रहेको नेपालको दक्षिणी छिमेकी भारतसँग खुला सीमाना भए पनि त्यही राष्ट्रियताको जगमा हिलोमा कमल जसरी सौन्दर्य र सुवास छरिरहेको छ ।

राष्ट्रिय सुरक्षाका सबालमा प्रस्तुत दृष्टान्त उपयोगी देखिन्छ । किनकि, मानव जीवन एउटा पाङग्रा जस्तै हो । निरन्तर चल्नु उसको धर्म हो । जुन ठीक ठाउँमा नचले बेठीक ठाउँमा चल्ने पक्का हुन्छ । त्यसलाई कसरी चलाउने भन्नेमा वातावरणीय प्रभाव महत्त्वपूर्ण हुन्छ । जब वातावरणका कारण पाङग्रा बेठीक ठाउँमा चल्ने अवस्था सिर्जना हुन्छ, परिणाम नकारात्मक निस्कन्छ । वातावरणले कसरी प्रभाव पार्छ भन्ने पुष्ट्याइँ आधुनिक नेपालको जन्म यता सुगौली सन्धिपछि कुनै देश विरुद्ध नलडेको नेपालमा आन्तरिक हिंसात्मक द्वन्द्वका कारण १४ हजार बढी नेपाली नागरिकले ज्यान गुमाए । दशौं हजार घाइते र त्यत्तिकै संख्यामा विस्थापित भए । हाम्रै पहाडी कान्ला कन्दरामा जन्मेको विद्रोहको फैलावटले राष्ट्रियतालाई कमजोर तुल्यायो, आर्थिक सामाजिक, सांस्कृतिक पारिवारिक समस्या निम्त्यायो । वर्तमान राजनीतिक वातावरण धुमिल हुँदै राष्ट्रियता क्षयीकरणको राजमार्ग फराकिलो बनिरहेको पाइएकाले यहाँ विगतको स्मरण गरिएको हो । किनकि सती प्रथाको इतिहास सुन्दै, पढ्दै आएका नेपाली स्वयम्लाई शरणार्थी बनाइएका समस्याले झस्काउँदा राष्ट्रियताका विषयमा सती भन्दा शरणार्थी प्रथा बढी घातक भएको ठहर सचेत वर्गको छ । त्यस्ता कर्मले कालान्तरमा नागरिक चेतना र विवेकलाई बन्धक बनाएर आफू खुसी शासन चलाउने अलोकतान्त्रिक प्रवृत्तिले शिर उठाउँदा राष्ट्रिय सुरक्षामा खतराको सङ्केत देखिनु आत्मघाती गोल बराबर हुनपुग्छ ।

हिजोको फूल आज बच्चा बनेर राष्ट्र-राष्ट्रियताका चिन्तनमा चेतना र विवेकको मसी खर्चने पुस्ता ऐतिहासिक सत्य र तथ्यको प्रष्ट्याइमा जान्ने बन्न खोज्नु दुर्घटना निम्त्याउनु हो । राष्ट्रिय सुरक्षाका सबालमा पश्चिमा राज्यहरूमा सैन्य फौज, अत्याधुनिक हातहतियार, बम, गोला, बारुद, क्षेप्यास्त्र र विस्फोटक पदार्थ महत्त्वपूर्ण हुन सक्छन् । नेपालमा हिजोदेखि आजसम्म हतियार भन्दा पुर्खाको वीरता र सुरताको गौरवपूर्ण इतिहास पाइन्छ । सिङ्गो नेपाल एकीकरणदेखि नेपाली राज्य सत्ताको महत्त्वपूर्ण अङ्ग मानिएको हालको नेपाली सेनाको प्रमुख पदमा शाह, राणा, सेन, कुँवर, थापा, मल्ल, बस्नेत, पाण्डे तथा प्राचीन समयदेखि नेपाली सेनामा भर्ती हुने राई, लिम्बु, गुरुङ, मगर समुदायका जाति सदा राष्ट्रियता र राष्ट्रको सीमा सुरक्षार्थ वफादार रहँदा समुदायले आफैँ सुरक्षित महसुस गरेको थियो । यसरी अगाडि बढ्दै गर्दा 'सन् १८७१ मा नालापानी किल्लामा आक्रमण गर्न मेजर जेनरल जिलेस्पीको नेतृत्वमा ९०३ जना जगेडा सैनिकसहित चार फिल्ड अफिसर, आठ क्याप्टेन, ४० सबाल्र्टन, १५९६ जना फौज अगाडि बढे । उनीहरू साँढे पाँच इन्चका हाउविट्सर दुई थान, १२ पाउन्डका गोला खाने दुई थान, छ पाउन्डका गोला खाने चार तोप, साढे पाँच इन्च मोर्टार दुई थान र बटालियन बन्दुकसहित हमलामा थिए' (मैनाली, २०८०, पृ.२) । अङ्ग्रेजसँग अत्याधुनिक शक्तिशाली तोप, चाहिए जति बन्दुक र गोली थिए, लड्न मात्र नभएर जगेडा सिपाहीसहित घमासान युद्धको तयारी थियो । तर असमान शक्ति भएका दुई फौजबीचको लडाइमा होमिन नेपाली समुदायमा थियो केवल अद्वितीय राष्ट्रियताको भावना, एकता र रणकौशलता । त्यसैले आफ्नै मातृभूमिका ढुङ्गा, माटो, आफ्नै उत्पादन खुँडा, खुकुरी, भाला र तरबार लिएर अङ्ग्रेजसँग लडिरहे । नेपाली बहादुरी प्रदर्शन गरेरै अङ्ग्रेजलाई हाम्रा शुरवीर वैरी भनेर सम्बोधन गर्न बाध्य पार्ने एउटै अस्त्र थियो, राष्ट्रियता । तर आज हामी माटोलाई आफ्नो ठान्ने अर्थमा कलह र झगडासँग प्रेम गरिरहेका छौँ । साँध, सीमानाहरू, दुःख नगरीकन भाग लाग्ने स्वामित्वका ओतहरूमा युगयुगान्तर रगत बगाइरहेका छौँ । केही सामाजिक, केही राष्ट्रिय, केही आफ्नै सुविधा र महत्त्वाकाङ्क्षी परिभाषाका गुलिया हतियार निर्माण गरेर सीमारेखाको विभाजन कोरिरहनु राष्ट्रियताका सन्दर्भमा विडम्बनापूर्ण देखिन्छ । आज हामीले छिमेकीलगायतका अन्य राष्ट्रसँग कूटनीतिका माध्यमबाट सन्तुलित सम्बन्ध स्थापित गर्नुपर्ने छ । जनताको जीवनपद्धतिलाई सशक्तीकरणसँग जोड्नुपर्ने छ । देशको शिक्षित जनशक्तिलाई सक्षम, स्वरोजगार बनाएर अगाडि बढाउन आवश्यक छ । राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन नेपाली समाजको नूतन चेतनाले नयाँ उडान भर्नैपर्छ । किनभने देश कहिल्यै जन्मभूमिका लागि अतुलनीय योगदान पुर्‍याउने सपुतहरूको अपमान गर्ने कृतध्नहरूको थलो बन्न सक्दैन ।

राष्ट्र-राष्ट्रियता जे भनेतापनि त्यसको रक्षार्थ खट्ने व्यक्ति मानिस नै हो । त्यो मानिस बुद्धिमान, तर्कशील, प्रवक्ता, ज्ञाता, प्रयोक्ता हुन सक्ला तर हार्दिक भएन, कारुणिक भएन, नैतिक भएन, अध्यात्म पढेर आध्यात्मिक भएन, आस्था बुझेर आस्तिक भएन । केवल वस्तुलाई पदार्थमा बुझ्यो, कालान्तरमा त्यही वस्तु अणु, परमाणु, इलोक्ट्रोन, प्रोटोन र न्यूटोनमा बाँडिएको बुझेन भने आफ्नै आदर्शले आफैँ ठेलिँदै जान्छ । राष्ट्रियता माथि संकट आएको समयमा महसुस गर्न सकिएन भने स्वतन्त्रता, स्वाभिमान, सार्वभौमसत्ता र स्वाधीनता हराउन सक्छ । अहिले राष्ट्रियताको प्रश्न कुन मोडमा छ र खतराको चिन्ह कसरी आउन सक्छ ? यस विषयमा सोच्नु, विमर्श गर्नु, नयाँ कदम चाल्नु हरेक नेपालीको दायित्व र कर्तव्य भएकाले त्यहीँ जागरुक व्यक्तिले मात्र समाजको रक्षा गर्न सक्छ । समाजको रक्षा नै राष्ट्रिय सुरक्षाको एउटा हाँगो हो ।

आतङ्क, अपराध, सीमा, शक्तिपछि परिवार राष्ट्रिय सुरक्षामा प्रभाव पार्ने अर्को बाह्य अवयव हो । परिवार समाजको महत्त्वपूर्ण र राष्ट्रको सानो एकाइ भएकाले घरमूलीको कुशल नेतृत्व र व्यवस्थापनबाट परिवार समृद्ध र प्रतिष्ठित बन्छ । यसरी समाजका स-साना एकाइ समृद्ध हुनु, राष्ट्र समृद्ध हुनु हो । घरमूलीको नेतृत्व जस्तै राष्ट्रमूलीको नेतृत्व कुशलताले राष्ट्र समृद्ध बन्छ । समाज र परिवार राष्ट्रिय सुरक्षाका आन्तरिक तथा बाह्य अवयव भएकाले दुःख र पीडामा जनतालाई साथ दियो भने मात्र जनता रिझिन्छन् । जनता रिझिनु राष्ट्रियता बलियो हुनु हो । देश भनेको यहींको धरती, आकाश, हावापानी, बोटविरुवा, यहाँका मानिसका दुःखसुख, रिस-आवेग, जीव-जन्तु, चरा, मुसा, अन्न-पानी, आगो-असिना सबै हो, सबको परिचयसँग देश जोडिएको छ । प्रकृति र आफन्तका भाषा, भेष, अन्याय, अत्याचार, विद्रोह, सङ्घर्ष र आन्दोलन पनि देशै हो । देशभन्दा आत्मामा अस्तित्वसहित दह्रो आधार भएर सुरक्षा दिएको अनुभूति हुन्थ्यो, आज समय फेरिएको छ । विश्वमा एआई प्रविधिको तीव्र विकासले मानवीय अस्तित्व संकटमा पारेका बेला यो सुन्दर समयलाई नष्ट गर्दा भोलि त्यहीँ समयले हामीलाई नाश गर्न सक्छ । त्यसैले प्रविधिमा दक्ष आजको जेन अल्फा पुस्तालाई राष्ट्रियताका सबालमा सचेत गराउनु हरेक परिवारको दायित्व र राष्ट्रियताप्रति वफादार रहनु हरेक नागरिकको कर्तव्य हो । राष्ट्रियताका सबालमा जबसम्म एउटा नागरिक निःस्वार्थ संकल्प गर्न तयार हुँदैन त्यो भत्कँदो परम्परा र अधोगतिको सङ्केत हुनजान्छ । जुन दिनसम्म जननी र जन्मभूमिको सेवक बन्न छोडेर विभिन्न वादको दलदलजन्य भुमरीबाट आफूलाई चिनाउन उद्दत रहन्छ त्यसले राष्ट्रियता जोगाउन सक्दैन । किनकि मानिसलाई राष्ट्रभक्त उसको आदर्श र इमान्दारीले बनाउँछ । जब यी कुरा बिर्सदै जान्छन् उनीहरू कसैका करिया बनिसकेका हुन्छन् । त्यो बेला राष्ट्रियता सङ्कटमा परेर अवसरवाद प्रोत्साहित हुन्छ । त्यसैले लोकतान्त्रिक व्यवस्था सर्वाधिक नैतिक प्रणाली भएकाले यसको पूर्ण पालनाले मात्र आम नागरिकमा आस्था बढाउने भएकाले त्यसलाई चलाउने व्यक्ति गुणवान् र सक्षम हुनुपर्दछ । अनावश्यक ढोंग, अहम् र प्रतिष्ठाको परम्पराले हाम्रो चेतना गतिहीन हुँदा राष्ट्रिय दृष्टिकोण व्यक्तिगत स्वार्थमा केन्द्रित हुनपुग्छ । त्यसैले नैतिकताविहीन समाज कहिल्यै स्वाभिमानी र स्वतन्त्र नहुने भएकाले हरेकले आजैबाट उच्च आत्मविश्वास प्रदर्शन गर्दै राष्ट्र र राष्ट्रियताको रक्षार्थ जुर्मुराउन आवश्यक छ ।

**राष्ट्रिय सुरक्षार्थ संवैधानिक व्यवस्था**

मानव सभ्यताको विकासक्रममा जसरी अन्न रोप्ने, फुल्ने, फल्ने र पाक्ने प्रकृतिको आफ्नै नियम थियो त्यही नियममा चन्द्रमा, ग्रह र ताराको अवस्थिति आँकलन गरिन्थ्यो । बार, महिना, ऋतु र वर्ष निर्धारण हुन्थ्यो । त्यसरी प्राकृतिक नियमलाई पालन गर्दै अगाडि बढ्ने क्रममा तत्कालीन राज्य एवम् समाज प्राकृतिक नियम जस्तै धार्मिक नियमले चल्दै आएको थियो । समय बित्दै जाँदा आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहले नेपालको संवेदनशीलता र सन्तुलनलाई आत्मसात् गर्दै दिव्यउपदेशबाटै नेपाललाई दुई ढुङ्गाबीचको तरुलका रूपमा वर्णन गरेर राज्यको अखण्डताको रक्षा र प्रतिरक्षात्मक रणनीति अवलम्बन मात्र गरेनन् “आफ्ना देसका कपरा बन्न जान्यालाइ नमना देषाइ सधाउनु र बन्न लाउनु र यस्व भया नगद विदेस जाँदैन आफ्ना देसको जिनीस जरिवुटि देश लैजानु र नगद

षैचनु" (नेपाली, २०६०, पृ.१३५) भन्दै देशको उत्पादनलाई प्रोत्साहन दिन, नगद विदेश जान नदिन, सक्दो आर्जन गर्न आह्वान गरे । देश पञ्चशीलको सिद्धान्त अंगीकार गर्दै विभिन्न नीति, सिद्धान्त, सन्धि-सम्झौता र कानुनप्रति वफादार भएर अगाडि बढ्दै आयो । समयको कालक्रममा २००७ फागुन ७ गते नेपालको इतिहासमा प्रजातान्त्रिक सरकारको शिलान्यास भएसँगै 'प्रजातान्त्रिक ढंगबाट प्रशासन सञ्चालन गर्न मुन्सीखाना र जैशीकोठा परिवर्तित भई संयुक्त नाम परराष्ट्र मन्त्रालय रह्यो । जसको काम तत्कालीन अङ्ग्रेज सरकार र अन्य विकसित राष्ट्रसित सम्बन्ध जोड्ने अड्डाका रूपमा रहेको थियो । जुन मन्त्रालयका प्रथम परराष्ट्रमन्त्री श्री ३ महाराज मोहनशमशेर थिए' (नेपाली, २०६०, पृ.२१४) । त्यसपछिका दिनमा राष्ट्रिय सुरक्षा व्यवस्थापनका खातिर विविध संविधान, कानुन, राष्ट्रिय सुरक्षा नीति, एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको व्यवस्था राष्ट्रिय सुरक्षार्थ गरिएका संवैधानिक व्यवस्था हुन् ।

प्रकृतिको पूजा गर्ने पुर्खाले गरेका असल आविष्कारकै जगबाट उठेर हामी भौतिक विकास र समृद्धितर्फ अगाडि बढ्न खोजिरहेका छौँ । सत्य के हो भने, फोहोरसँग सम्बन्धित काम गर्ने मानिस सधैँ सफा नदेखिनुमा दोष हुँदैन तर उसको मस्तिष्क भने स्वस्थ हुनुपर्छ । स्वस्थ मस्तिष्क मानिसको अनुहारबाटै पढ्न सकिन्छ किनकि, अनुहारको भावमा परिर्वतन आउन शारीरिक र मानसिक दुवै चेतनाको गहिरो सम्बन्ध रहन्छ । मानव शरीर चेतनाले चले जसरी राज्य संविधान, नियम-कानुनले चल्छ । जसरी मानवीय चेतना शरीर र बाहिरी अवस्थाबाट प्रभावित हुन्छ, त्यसरी नै विधि, विधान र कानुन समुदायका गतिविधि वा परिवेशबाट प्रभावित हुने भएकाले संविधान, नियम र कानुन राज्यको चेतना हो ।

हिजो केही समुदायलाई राज्य र समाजका सेवा-सुविधाबाट वञ्चित गरियो भनेर आवाज उठ्दा पनि समुदायले नीतिनियम पालना गरेकै थिए । त्यही पृष्ठभूमिलाई मध्यनजर गरेर देशमा समावेशी, संघीय, धर्मनिरपेक्ष गणतन्त्रको जग बस्यो । आज राज्यको सुरक्षा, अपराध नियन्त्रण, राष्ट्रिय सम्पत्ति सुरक्षार्थ विभिन्न प्रहरी, सैनिक, अर्धसैनिक, गैरसैनिक, गुप्तचर, सुरक्षा अधिकारी, सीमा सुरक्षा बल, भन्सार अधिकारी, आयोग, नागरिक समाजलगायत सुरक्षा व्यवस्थापन तथा सुपर्यवेक्षण निकाय क्रियाशील छन् । राज्यले विविध नीतिगत र कानुनी प्रावधानको व्यवस्था गरी संस्थागत प्रावधान र कार्यगत व्यवस्था अगाडि बढाएको छ । ती सबै व्यवस्थाको उद्देश्य राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन समुदायलाई सघाउनु रहेको पाइन्छ ।

नेपाल एकीकरणपछि नेपाली सेनाले नेपालको एकता, राष्ट्रियता र अखण्डताको संरक्षण गर्दै आएको छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी सीमा सुरक्षाका अतिरिक्त आवश्यक पर्दा नागरिक विद्रोह नियन्त्रणमासमेत परिचालित हुने संयन्त्रको सुरक्षा व्यवस्थाले राष्ट्रिय सुरक्षालाई मजबुत बनाइरहेको छ । हिजो पनि राष्ट्रवाद वा देशभक्तिको भावनालाई अगाडि सारेर नागरिक न्यायको विषयलाई कमजोर बनाउने प्रवृत्ति समुदायमा नभएका होइनन् । तर स्वाभिमानी नेपालीले कस्तो राज्य बनाउने भन्ने इतिहास र भूगोलको आधारलाई राम्ररी बुझेका थिए । किनकि नेपालीसँग आफ्नै भूगोल र गर्विलो आधार भएकाले कथामा सुन्दै आएको राम राज्य बनाउने अभिलाशा पाल्न भने अझै छोडेका छैनन् ।

**वर्तमानको आवश्यकता**

राष्ट्रिय सुरक्षाका आयामको अध्ययन गरिरहँदा त्यसका समस्यासूचक र वर्तमानको आवश्यकताप्रति सरोकारवालाको ध्यान पुग्न आवश्यक हुन्छ । वर्तमान परिवेशलाई हेर्दा नेपालका सन्दर्भमा राजनीतिक अस्थिरता पहिलो समस्यासूचक रहेको पाइन्छ । हिजोका दिनदेखि विश्वविद्यालयका पाठ्यक्रममा पठनपाठनको विषय बन्दै आएका आस्था र विचारका आधारमा वर्ग सत्रु भनेर पढाइएका राजनीतिक विचारधारालाई वर्तमानले विश्वविद्यालयका पाठ्यक्रमलाई गलत सावित गरिदिएको भान हुन्छ । जुन सन्दर्भ राष्ट्रियताका सबालमा निकै जोखिमपूर्ण देखिन्छ । जसले आर्थिक

विकास र अनुशासनलाई माटोमा मिलाइदिन, विखण्डन तथा पृथकतावादी समूहलाई प्रोत्साहित गर्नमा मलजल गर्न सक्छ । तत्कालीन, अल्पकालीन, दीर्घकालीन तथा स्थायी राष्ट्रिय हितका विषयलाई ओझेलमा पारिदिन सक्छ ।

भौगोलिक अवस्थिति र खुला सीमानाका कारण समय-समयमा राष्ट्र र राष्ट्रियता माथि समस्या आइरहेका छन् । त्यसको गहन अध्ययनपछि विकास निर्माणका गतिविधि अगाडि बढाउन आवश्यक छ । खुला सीमा सन्दर्भमा छिमेकी तथा अन्य राष्ट्रहरूले देखाउने चासो र सरोकार सम्बोधनमा कुटनीतिक पहल थालिनुपर्छ । धार्मिक, भौगोलिक, जातीय विषय, विज्ञान प्रविधि, अत्याधुनिक उपकरणको उपलब्धता, संघ, प्रदेश, स्थानीयस्तरका आन्तरिक सुरक्षासम्बन्धी विषय कालान्तरमा राष्ट्रिय समस्याका बाँच्छिटा बन्न सक्छन् । त्यसैले प्रस्तुत अनुसन्धान लोकजीवनमा सुन्दै आएको कुरा गऱ्यो कुरैको दुःख उखान बन्न नदिन सम्बद्ध सरोकारवालाले निम्न सात तथ्यलाई मनन गर्नैपर्छ :

(क) राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुव्यवस्थित बनाउने विषयमा व्यक्ति, परिवार, समुदाय, राज्य र राष्ट्रको दुई मत छैन । त्यसलाई व्यवस्थित बनाउन निर्भीक नेतृत्वक्षमतामा विकाससहितको समन्वय अत्यावश्यक देखिन्छ,

(ख) राष्ट्रिय सुरक्षाका सबालमा देखिएका छिद्र अन्त्य गर्न राजस्व चुहावटमा निगरानी राख्दै स्रोत-साधनको उचित बाँडफाँडमा ध्यान दिनुपर्छ । जसबाट कमजोर अर्थतन्त्रको सुदृढीकरणमा टेवा पुग्दै राज्य नैतिक मूल्यमान्यता कायम गराउँदै नागरिक अधिकारको सही सदुपयोगमा क्रियाशील रहेको सन्देश सञ्चार हुन्छ,

(ग) परनिर्भरता, अशिक्षा र गरीबि हटाउन निरक्षर तथा साक्षर जनतालाई भोट बैंकका रूपमा प्रयोग गर्ने मात्र नभएर अव्यवस्थित बसाइँ व्यवस्थापन गर्नुपर्छ,

(घ) नागरिकमा देखिएको उदासीनतालाई सम्बोधन गर्दै विदेशी लगानीमैत्री वातावरण निर्माण गरी नेपालीलाई आफ्नै कर्ममा प्रेरित गरी कस्तुरी भौंतारिए जस्तो वातावरणको अन्त्य गराइनुपर्छ,

(ङ) नदी किनार बालुवाले नभएर सुन खानीले भरिएका, नदीमा ढुङ्गा नभएर शालिग्राम रहेका, झरना, छहरामा पानी नभएर मिनरल वाटर बगेको अवस्था छ । कोरोना कालमा एक सिलिन्डर अक्सिजन किन्न नपाएर जीवन गुमाउँदाको दृश्य प्रत्यक्ष देखेका नेपालीले यहाँको प्रकृति, संस्कृति र सम्पदाका लागि कहिल्यै मूल्य तिर्न नपरेकाले वातावरण र परिवेश धुमिल हुँदा निम्तिएका आन्तरिक उल्झन हटाउन पहिला स्वाभिमानी नेपाली भएर मात्र विभिन्न रङ्गधारी कार्यकर्ता बन्नुपर्ने देखिन्छ,

(च) दैनिक चुलो बाल्न, परिवारको फाटेको धोतीधरो, चोलो र फरिया फेर्न घरदेशमा मन र परदेशमा ज्यान हुँदा पनि नेपालको सीमालाई तन्काउँदै प्रवाससम्म पुऱ्याएको अनुभूत गर्दै प्रवासिएका नेपालीको परिवार, परिवार जस्तो छैन । एकैसाथ बसेर हात मुख जोर्न पाएका छैनन् । घरदेशमा एकजनाको कमाइमा हामी पाँच-सात जनाको परिवार पालिन्छौं । मीठो-नमीठो, रोटो-पिठो, आँटो-ढिँडो हाँसी-खुसी खान पाउँछौं त्यसैले परिवारका सबै सदस्य कमाइमा लाग्यौं भने समृद्धिसहितको खुसी हाम्रै साथ र हातमा रहेको चेतनाको विकास गराउनुपर्ने छ,

(छ) राष्ट्रिय सुरक्षामा समुदायका भूमिकाको सन्दर्भ राजनीति, प्रेम र धर्मको बहस टुङ्गोमा पुग्न नसके जस्तै हो । जसरी नदी आफ्नै भौगर्भिक मापनका आधारमा पहाड, पर्वत र हिमशृङ्खला काटेर छालको बाटो बनेर गन्तव्यउन्मुख यात्रामा बगिरहन्छ, राष्ट्रिय सुरक्षाको विषय पनि नदी जस्तै भएकाले यसलाई बगिरहन दिनुपर्छ । त्यसो भनिरहँदा हिजो राम्रो म भनेर पाठशालामा पढेका हामी राम्रो बन्न सक्यौं-सकेनौं अब आत्ममूल्याङ्कन गर्ने आत्मानुशासन हामी सबैमा हुनैपर्छ ।

**निष्कर्ष**

इतिहास सबैको हुन्छ । हार्नेहरूको इतिहास लेखन थालनी नभए जस्तै समुदायले राष्ट्रियताका सबालमा पुऱ्याएको योगदान लिपिबद्ध हुन सकेको छैन । तर समुदाय हरक्षण क्रान्ति, शान्ति र चेतनाको मार्गदर्शक बनेको छ । अन्धकारबाट उज्यालोतर्फ, दमनबाट स्वतन्त्रतातर्फ डोऱ्याउने समुदायको शक्ति अजेय हुन्छ त्यसैले समुदायले पुऱ्याएका र पुऱ्याउन सक्ने सामर्थ्यको लेखाजोखा गर्दा नेपालीलाई एकताको सूत्रमा बाँध्ने हाम्रा पुरुषार्थी पुर्खाले बगाएको रगत, पसिना र आँसुको उपज हामी आजको नेपालमा छौँ । विश्वसामु सगरमाथा झैँ अटल र अविचलित निष्ठाका साथ गौरव गरिरहेको आजको नेपाल निर्माणमा हिजैदेखि समुदायको भूमिका अतुलनीय पाइन्छ । कहिलेकाहीँ राष्ट्रको जीवनमा अनपेक्षित आइलाग्ने संकट सामनाको तयारी नहुँदा राष्ट्रियता तिल्मिलिएर विपत्ति आइलाग्न सक्छ । राष्ट्रिय सुरक्षालाई मजबुत बनाउने भन्दै विकास र परिवर्तनका नाममा हाम्रो वीरता र सुरताको अवमूल्यन गर्ने, राष्ट्रिय सुरक्षाका आन्तरिक तथा बाह्य अवयवहरूलाई विभिन्न वादमा मुछ्ने, समुदायको योगदानको अपव्याख्या गर्ने, मनमुटुको धड्कन बनेको नेपालीपनमा अनास्था बढाउन उद्दत हुने तत्त्व जुर्मुराउन सक्छन् ती तमाम वैधर्म्यप्रति सचेत रहँदै दिनप्रतिदिन थपिएका जटिलताप्रति चनाखो हुँदै समुदायले अब पनि आफ्नो मौलिकपन र पहिचानलाई सुदृढ बनाएर नेपालको गौरवपूर्ण अस्तित्व रक्षार्थ निरन्तर खबरदारी, साझेदारी र पहरेदारी गर्नुपर्ने देखिन्छ । यसो गर्नसके सम्भावित संकटबाट बौरिएर अगाडि बढ्न सकिन्छ । जसले राष्ट्र र राष्ट्रियतालाई सदाबहार मजबुत तुल्याउँछ । तसर्थ, समुदायसँगै राज्य पनि बुद्धिमत्ता तवरले छिमेकी राष्ट्रह‛सँग सन्तुलित सम्बन्ध कायम राख्दै हिजैदेखि अंगिकार गरेको असंलग्न परराष्ट्र नीतिप्रति गम्भीर हुँदै अगाडि बढ्नु आजको आवश्यकता हो ।

**सन्दर्भ सूची**

खप्तडबाबा (२०६०). *म र मेरो कर्तव्य.* काठमाडौँः खप्तड आश्रम ।

गुरुङ, जगमान (२०६७), *गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा.* काठमाडौँः पश्चिमाञ्चल विकास मञ्च ।

घिमिरे, गुरुराज (२०७९). *बाटो बिराएको राजनीति.* काठमाडौँः लोकान्तर सञ्चार ।

चापागाईं, राजुप्रसाद (२०७०). *नयाँ संविधानमा संघीयता साझा आधारको खोजी.* ललितपुरः जुरी-नेपाल ।

डाहल, रबर्ट ए. (२०६२). *प्रजातन्त्रका बारेमा.* काठमाडौँः क्रिएशन मिडिया ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४९). *लक्ष्मी निबन्धसङ्ग्रह.* ललितपुरः साझा प्रकाशन ।

*नेपालको संविधान (२०७२).* काठमाडौँः नेपाल कानुन आयोग ।

भण्डारी, ढुण्डिराज (२०२७). *नेपालको आलोचनात्मक इतिहास.* काठमाडौँः प्रकाश प्रकाशन ।

मैनाली, मोहन (२०८०). *मुकाम रणमैदान.* काठमाडौँः बुकहिल पब्लिकेशन ।

नेपाली, चित्तरञ्जन (२०६०). *केही ऐतिहासिक निबन्धहरू.* काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

*राष्ट्रिय सुरक्षा नीति* (२०७३). काठमाडौँः नेपाल कानुन आयोग ।

रेग्मी, रामराज (२०६६). *राष्ट्रिय पहिचानका मूल मुद्दाहरू.* काठमाडौँः संचेतना परिवार ।

वाग्ले, गेजा शर्मा (सन् २००९). *बदलिँदो परिवेशमा नेपालका सुरक्षा अवधारणाहरू.* काठमाडौँः नेपाल नीति अध्ययन प्रतिष्ठान ।

शर्मा, जनकलाल (२०५८). *हाम्रो समाज : एक अध्ययन.* ललितपुरः साझा प्रकाशन ।

शर्मा, उमाकान्त (२०७०). *नेपालमा राजनीतिक संस्कृति र सुशासनको प्रश्न.* पोखराः शिवकुमारी शर्मा ।

-◆◆◆-